
RIGHTS + RESOURCES 20 years IN SOLIDARITY FOR CHANGE




# आदिवासी, अफ्रो-वंशीय र स्थानीय समुदायहरूका महिलाहरूको नेतृत्वको लागि चुनौतीहरू, अवरोधहरू र रणनीतिहरू*

## १. परिचय

राइट्स् एण्ड रिसोर्सेज ईनिसिएटिभ (RRI) आदिवासी जनजातिहरू, अफ्रो-वंशीय व्यक्तिहरू, स्थानीय समुदायहरू र यी समूहभित्रका महिला र युवाहरूको सामूहिक अधिकारको पहिचान र सशक्तिकरणलाई प्रवर्द्धन गर्न समर्पित एक विश्वव्यापी संगठन हो । यसको उद्देश्य स्थानीय तहका संस्थाहहरूबीच समन्वय तथा वन, भूमि र प्राकृतिक स्रोतहरूमा उनीहरूको अधिकारको कानुनी मान्यताको विश्लेषण लगायत विभिन्न रणनीतिहरू प्रयोग गरेर भूमिमाथिको अधिकारलाई बढावा दिनु हो ।

दशकौंको सङ्घर्षपश्चात ल्याटिन अमेरिकाका आदिवासीहरू, अफ्रो-वंशीय व्यक्तिहरू र स्थानीय सामुदायिक संस्थाका केही महिलाहरूले आफ्ना संस्थाभित्र हिंसा र/वा लैङ्गिक भेदभावका घटनाहरूलाई सम्बोधन गर्दै आफ्नो अधिकारमा समानता र समानताको अवस्था हासिल गरेका छन् । यद्यपि, अन्य धेरै महिलाहरूको लागि यस्तो समान अवस्थाहरू हासिल हुन अझै धेरै बाधाहरू छन् ।

आदिवासी जनजाति, अफ्रो वंशजका व्यक्ति र स्थानीय समुदायहरूको भूमि अधिकारलाई अगाडि बढाउन महिलाको जुन भूमिका हुन सक्छ, त्यसरी समान अधिकार पाउन साथै लैङ्गिक हिंसा र भेदभावबाट मुक्त वातावरण सिर्जना गर्न RRI गठबन्धनमा संलग्न बनाएको रणनीतिहरू पहिचान गर्न महत्त्वपूर्ण छ । यसले हामीलाई सिकेका पाठहरू सङ्कलन गर्न र RRI नेटवर्क भित्रका अन्य साझेदार संस्थाहरूसँग ती सिकाईहरू आदानप्रदान गर्न मौका मिल्नेछ ।

सन् २०२३ को लागि RRI को क्षेत्रीय रणनीतिको एक भागको रूपमा, यस गठबन्धनले आदिवासी, अफ्रो-वंशीय, र स्थानीय समुदायहरु मध्ये नेतृत्वदायी भूमिकामा रही पारिवारिक, संगठनात्मक, सामुदायिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरहरूमा काम गरेका तीन महिलाहरुको जीवन भोगाईको आधारमा उनीहरुको नेतृत्व क्षमता विकासको लागि सहयोगी कारक र चुनौतिहरुको के के छन् भनी विश्लेषण गर्न सहमत भयो ।

तीन महिला नेतृहरूको जीवन र नेतृत्वको विकासक्रमको विश्लेषणले महिलाहरूले आफ्नो आवाज, विचार र नेतृत्व क्षमतालाई विभिन्न संगठनहरूमा चिनाउने प्रयासमा देखिएका सक्षम पक्ष र अवरोधहरू पहिचान गर्न सम्भव बनायो भन्ने कुरा देखाउन सक्यो र कसरी उनीहरुको नेतृत्वले आफ्नो शहर वा समुदायका अन्य महिलाहरूलाई ढोका खोलिदिएको छ भन्ने उजागर गर्‍यो । प्रत्येक व्यक्तिको गोपनीयता कायम राख्दै यस विश्लेषणका परिणामहरू RRI गठबन्धनसँग सम्बन्धित १८ संस्थाहरूको क्षेत्रीय बैठकमा प्रस्तुत गरियो । यस बैठकले संरचनात्मक अवरोधहरूलाई सम्बोधन गर्ने तरिकाहरू छलफल गर्नुका साथै कसरी महिला नेतृत्वलाई पूर्ण स्वीकार्यता पाउनको निम्ति विभिन्न परिस्थिति र अवसरहरूबाट फाइदा लिने र असाधारण नेतृत्वबाट अन्तरपुस्ताको दृष्टिकोणयुक्त सामान्यीकृत नेतृत्वसम्म कसरी पुग्ने भन्ने विषयमा छलफल भएको थियो ।

यस अध्ययनका निम्ति **मारिया एल्भिरेरा मोलानो**, **मारिया भिक्टोरिया गार्सिया**, र **एलिजा प्लुफ्कर हेरेरा** गरी तीन जना परामर्शदाताहरू सम्मिलित थिए ।

* Disclaimer : This document has not been copyedited and is intended solely as a reference guide for readers. The content is provided as-is and may be subject to revisions or updates. While every effort has been made to ensure accuracy, the authors and publishers assume no responsibility for any errors, omissions, or interpretations derived from this material.

**COVER PHOTO**

› Protest of the Interethnic Association for the Development of the Peruvian Rainforest (AIDESEP). Photo by Elvio Cairuna for AIDESEP.

## २. कार्यकारी सारांश

यो अध्ययन २०२३ मा गरिएको थियो र यो ल्याटिन अमेरिकाका लागि RRI को क्षेत्रीय लैङ्गिक रणनीतिको हिस्सा हो । यसले तीनवटा जीवन कथाहरूमा आधारित रही आदिवासीहरू, अफ्रो-वंशीय व्यक्तिहरू र स्थानीय समुदायहरूका महिलाहरूमा नेतृत्व क्षमता बढाउने सहयोगी परिस्थिति तथा चुनौतीहरूको विश्लेषण गर्दछ । यसरी तीन जना जीवन कथाहरू छानिएका व्यक्तिहरू छन् : कोलम्बिया प्रशान्त क्षेत्रकी एक अफ्रो-वंशीय महिला नेतृ, पेरु अमेजन क्षेत्रकी एक आदिवासी महिला नेतृ र ग्वाटेमालाको मायन जङ्गलको वन समुदायबाट एक महिला नेतृ । यी तीन जीवन कथाहरू चार दिशानिर्देशहरू प्रयोग गरेर तुलनात्मक विश्लेषण गरिएको थियो : १) नेतृत्व अभ्यास गर्न आइपरेका अवरोधहरू (जुन महिला नेतृद्वारा नै पहिचान गरिएका) २) अवरोधहरू पार गर्न अपनाइएका रणनीतिहरू ३) अवरोधहरू पार गर्दै गर्दाका सिकाईहरू र ४) आदिवासी, अफ्रो-वंशीय र स्थानीय समुदायका महिलाहरूको नेतृत्व क्षमता कसरी बलियो बनाउने भन्नेबारे सिफारिसहरू ।

नेतृत्वको सबल अभ्यास गर्नका लागि निम्न सहयोगी परिस्थितिहरू पाइएका थिए:

1. समावेशी परियोजनाहरू बनाउन सक्ने साथै कुनै बाह्य समूहहरूबाट भूमिमाथि हुने हस्तक्षेपबाट बचाउन सक्ने तल्लो तहको सामुदायिक संगठन भएको र

2. निर्णय लिने र नेतृत्व क्षमताको सुदृढीकरणमा महिलाको सहभागितालाई प्रवर्द्धन गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय समर्थन भएका सञ्जालहरू भएको । त्यसै गरी यसमा रहेका मुख्य अवरोधहरू यसप्रकार थिए:

3. ग्रामीण महिलाहरूको घरायसी कामको परिप्रक्ष्य जसले प्रशिक्षण र संगठनात्मक कामहरूमा उनीहरूको सहभागितालाई सीमित गर्दछ र

4. सामुदायिक संस्थाहरू आफैभित्र महिलाहरूको योगदानको सीमित प्रशंसा जसले गर्दा उनीहरूको प्रतिनिधित्व र नेतृत्वका अन्य भूमिकाहरूबाट टाढा राख्दछ ।

समुदायको नेताको रूपमा महिलाहरूले आफ्नो भूमिका र जिम्मेवारीहरू निर्वाह गर्दै गर्दा घरमा आफ्ना बालबालिकाको पालनपोषण र आफ्नो परिवारको दैनिक हेरचाह गर्न पारिवारिक सञ्जालमा भर पर्नु पर्ने अवस्था हुन्छ । उनीहरूले विभिन्न नेतृत्वका विधिहरू कसरी प्रयोग गर्ने भनेर सिकाएर सामुदायिक निर्णय प्रक्रियामा महिलाहरूको सहभागितालाई सुदृढ पार्ने उद्देश्यले अन्तर्राष्ट्रिय र राष्ट्रिय कार्यक्रमहरू मार्फत नयाँ अवसरहरूको फाइदा पनि उठाएका छन् । यसबाहेक शिक्षामा सीमित पहुँच हुनाले प्राविधिक सीमितताहरू र महिलाहरूको आत्मसम्मानमा तिनीहरूको नकारात्मक प्रभावको कारणले प्रतिनिधित्व गर्न सक्ने क्षमता र पदहरूमा उनीहरूको पहुँचलाई बढाइरहेको छ । केही अवस्थामा परिवार र सहयोगी संस्थाहरूले महिला प्रशिक्षण प्रक्रियाहरूलाई समर्थन गरेका छन् । यसका अलावा महिलाहरूले निर्णय लिने ठाउँहरूमा पूर्ण रूपमा सहभागी हुन र आफ्नो क्षेत्रहरूमा नेतृत्वको भूमिका ग्रहण गर्नको लागि आफ्नो आत्मविश्वास बढाउन र आफ्नो आत्मसम्मान बढाउन काम गर्न थालेका छन् । निष्कर्षमा भन्नुपर्दा १) यसरी पहिचान गरिएका अवरोधहरू औपनिवेशिक र पितृसत्तात्मक शक्तिसँग एकअर्कामा जोडिएका छन् २) शिक्षा, प्रविधि, र विशेषज्ञताका अवसरहरूमा सीमित पहुँच साथै वित्तीय र जागिरको असुरक्षाले नेतृत्वको भूमिका निर्वाह गर्ने उनीहरूको क्ष-मतालाई असर गर्ने गरेको छ । महिला नेतृहरू विभिन्न परिस्थितिहरू, अरूसँगको सम्बन्ध र परिवर्तनहरूको प्रतिक्रियामा सामाजिक र भावनात्मक सीपहरू सिक्न र विकास गर्न निरन्तर इच्छुक छन् ३) महिलाहरू ठूला संगठनात्मक सञ्जालहरूमा भाग लिएर सशक्त हुन्छन् किनकी यसले आदानप्रदान र ज्ञानको दायरा फराकिलो बनाउँछ । संवाद एक आधारभूत सीप र ज्ञानलाई सुदृढ पार्ने रणनीति साथै वकालत एक प्रक्रिया पनि हो ४) सामाजिक-राजनीतिक र सांस्कृतिक सन्दर्भ अनुसार फरक दृष्टिकोण प्रयोग गरी महिलाको क्षमता निर्माणलाई व्यापक रूपमा बढावा दिन आवश्यक छ; ५) गठबन्धनको संगठनात्मक नेतृत्वलाई बलियो बनाउनुपर्छ साथै यसको काम र कार्य योजनाहरूलाई सहयोग पुग्ने हिसाबले सहकर्मीहरू बीच समन्वय र अनुभवको आदानप्रदान गर्न आवश्यक छ ।



› Latin America Women Retreat. Tejiendo Juntas. April 2024. Photo by ALDEA for RRI.

## ३. भनाइहरू

“मेरो लडाइँको आधार मेरा समुदायहरूमा, मेरो क्षेत्रमा, मलाई प्रोत्साहन दिनेहरूसँग रही मेरो घरमा, मेरो परिवारमा र मलाई हामीले सँगै र प्रभावशाली हिसाबले केही गर्न सक्छौँ भन्नेहरूसँग जोडिएको छ” एक अफ्रो-वंशीय महिला नेतृ ।

“हिंसाले यस प्रक्रियालाई बलियो हुनबाट रोक्न सकेन र आज हामी हाम्रो क्षेत्र, हाम्रो अधिकार र शान्तिको लागि हाम्रो आशाको रक्षा गर्दै अग्रपंक्तिमा खडा छौँ ।" एक अफ्रो-वंशीय महिला नेतृ ।

“मैले मेरा आफ्ना मानिसहरूसँग, महिलाहरूसँग र समुदायसँगको सम्बन्धलाई नवीकरण गर्न सकेँ र हामीमध्ये धेरै महिलाहरू पानी लिन वा सुन केलाउन सँगै खोलामा जाने र बगैंचा सफा गर्न जम्मा भएको देखेर हामीले महिला समिति बनायौं । यसको लागि हामीले "मानो क्याम्बियाडा" (हात दिने) भन्ने अभ्यास गर्‍यौँ, जुन हाम्रो संस्कृतिको धेरै विशिष्ट छ । यसरी हामी काम गर्न एकसाथ सामेल भयौं ।" एक अफ्रो-वंशीय महिला नेतृ ।

‘नारी र साथी, तिम्रो लडाइ मेरो लडाइ’ भन्ने नाराका साथ हामी महिलाहरू बल र साहसका साथ अगाडि बढिरहेका छौं । यसरी हामीले हाम्रा जनतालाई मुख्यत: महिलाहरू विरुद्ध हुने सबै प्रकारका दुर्व्यवहार गर्न लगाउने सशस्त्र समूहहरूको सामना गर्न सक्षम भयौं । हिंसाले यस प्रक्रियालाई बलियो हुनबाट रोक्न सकेन, र आज हामी हाम्रो क्षेत्र, हाम्रो अधिकार र शान्तिको लागि हाम्रो आशाको रक्षा गर्दै अगाडिको लाइनमा जारी छौँ ।" एक अफ्रो-वंशीय महिला नेतृ ।

“हामीले द्वन्द्वले जुन हामी महिलाहरूलाई के भएको छ भन्नेबारे आदान-प्रदान गर्ने संवाद-हरू गर्‍यौँ त्यसले हामीलाई हाम्रो शरीर, हाम्रो स्मृति र भूभागमा छोडिएका दागहरूबाट मुक्त दिलाउन सहयोग पुग्यो । परिपूरणको निम्ति र देशकै निम्ति सत्यको बारेमा गरिने यस्ता संवाद-हरू आवश्यक छन् ।" एक अफ्रो-वंशीय महिला नेतृ ।

“यदि हामी संगठित नभएको भए र यदि सबैले आ-आफ्नो बाटो लागेका भए, शायद सबै नष्ट हुने थियो । शायद अझै शक्तिशाली मानिसहरूले ध्वस्त भएका क्षेत्रहरू नियन्त्रण गर्ने थिए ।" एक वन समुदायकी महिला नेतृ ।

“संगठनहरूले हामीलाई थप जान्न मद्दत गर्दछ जसबाट निश्चित स्थानहरूमा के के समावेश छ र राजनीतिक वकालत जस्ता महत्त्वपूर्ण मुद्दाहरू छलफल गरिन्छ ।" एक वन समुदायकी महिला नेतृ ।

“हामीलाई श्रीमान काममा जाने र श्रीमती घरमा बस्ने बानी परेका छौं ।" एक वन समुदायकी महिला नेतृ ।

“अर्को वर्ष [...] नयाँ सम्मेलन भयो, अनि उनीहरूले मलाई पहिलो पटक संघको अध्यक्षमा निर्वाचित गरे [...] म धेरै डराएकी थिएँ...किनकि उनीहरूले पहिले नै पुरुषहरू हुने भनेर उल्लेख गरिसकेका थिए तर तिनीहरूमध्ये कोही पनि भाग लिन चाहँदैनथिए । त्यसपछि जब तिनीहरूले मलाई भाग लिन भनेर नियुक्त गरे तब म एक क्षणको लागि स्तब्ध भएँ । तर मैले सोचे, यदि तिनीहरूले मलाई यो अवसर दिइरहेका छन् भने, म नेता बन्ने प्रयास गर्नेछु म के गर्न सक्छु भनेर हेर्न र सिक्नको लागि । । त्यसपछि मैले भनेँ “ठीक छ, म प्रयास गर्छु म प्रयास गर्छु ।“ एक वन समुदायकी महिला नेतृ ।

“जब कोही अन्तर्वार्ता वा केहि भेट्न आउनुभयो अफिसमा हामी मध्ये तीन जना मात्र महिला थियौं । मलाई अलिकति दुःख पनि लागेको थियो तर साथसाथै यसले मलाई साहस पनि दियो । हामीले एकअर्कालाई प्रोत्साहन दियौं र उनीहरूले हामीलाई ‘हामी तीनजना सधैं देखा पर्छौं’ भनेर जिस्क्याए । मैले मेरा सहकर्मीहरूलाई भनें, ‘उनीहरूले चाहेजति हामीसँग मजाक गर्न सक्छन् । हामी त्यहाँ हुनेछौं र हामीलाई निर्देशक बोर्डको रूपमा नियुक्त गरिनेछ । जे भए पनि, हामी त्यहाँ हुनेछौं । यो हामीले स्विकार्नु पर्दछ ।’ राम्रो कुरा त के भयो भने ती महिलाहरू एकै समयमा सदस्य भए जुनबेला म पनि सदस्य बनेँ । ती दुई जना पनि एउटै समयका भएकाले हामी तीनजना साझेदार भयौं र हामीले मुद्दाहरूको बारेमा कुरा गर्न थाल्यौं ।“ एक वन समुदायकी महिला नेतृ ।

“भाग लिन नचाहने भनेको तिनीहरूको अवस्था हो, किनभने तिनीहरू लामो समयदेखि सदस्य छन् र तिनीहरूले कुनै पनि पद लिन सक्दैनन् । यो होइन कि मानिसहरूले उनीहरूलाई ती भूमिकाहरू दिन चाहँदैनन् । उदाहरणका लागि, तिनीहरू नै भन्छन् कि ‘हामीले बोर्ड सदस्यमा यो वा ऊ व्यक्तिलाई नियुक्त गर्‍यौँ ।‘

अनि तिनीहरू भन्छन्, ‘होइन, म भाग लिन चाहन्न’ ।तिनीहरू सोच्दैनन् की ‘ठीक छ, ठीक छ, तिनीहरूले मलाई नियुक्त गरेका छन् र म यो गर्न जाँदैछु ।‘ मलाई थाहा छैन किन यस्तो भन्छन् । हुनसक्छ तिनीहरू डराउँछन् । मलाई थाहा छैन तिनीहरूमा के गलत छ भनेर । कोही भन्छन्, ‘म पढ्न सक्दिन, लेख्न सक्दिनँ, म के गरुँ?’ त्यसैले हामी उनीहरू-लाई भन्छौं कि बोर्ड सदस्यको रूपमा सहभागी भए पनि उनीहरूले भाग लिनुपर्छ; उनीहरूले सक्दैनन् भन्ने मलाई लाग्दैन । पढ्न वा लेख्दा धेरै समस्या निम्त्याउँछ । यो सबै व्यक्तिको मनोवृत्तिमा निर्भर गर्दछ ।”   एक वन समु-दायकी महिला नेतृ ।



› Community Council La Alsacia. North of Cauca, Colombia. August 2024. Photo by ASOM for RRI.

“मेरो लागि यो धेरै गाह्रो थियो; यो एक धेरै शक्तिशाली र दर्दनाक कथा हो । मेरो मामलामा मलाई काम गर्ने बानी थिएन किनभने जब मेरो श्रीमान् जीवित हुनुहुन्थ्यो, उहाँ सबै कुराको जिम्मेवार हुनुहुन्थ्यो । उहाँ नै खर्च लगायत सबै कुराको जि-म्मेवार हुनुहुन्थ्यो । मलाई काम गर्ने बानी थिएन - केवल उहाँको थियो । उहाँको मृत्यु हुँदा मेरो लागि गाह्रो भयो तर आवश्यकताले तपाईंलाई चीजहरू गर्न बाध्य पार्छ ।" एक वन समुदायकी महिला नेतृ ।

“म सार्वजनिक रूपमा बोल्न सक्दिन, म डरमा हुन्थेँ । मैले हिंसाको अनुभव गरेकी छु । म एक व्यक्ति थिएँ जसको आत्म-सम्मान धेरै कम थियो । त्यसपछि मैले ती सबै अवरोधहरू पार गरें र जुन म अहिले छु जहाँसम्म पुग्न सक्षम छु ।" एक आदिवासी महिला नेतृ ।

“उहाँले मैले निर्णय गरेको मन पराउँनुहुदैन । निर्णय जतिसुकै सानो भए पनि, मैले उहाँलाई सोध्नुपर्थ्यो - मानौं उहाँ मेरो स्वामित्वमा हुनुहुन्छ ।" एक आदिवासी महिला नेतृ ।

“मेरो बुवाले हामीलाई भन्नुहुन्थ्यो, ‘तिमीहरूको आ-आफ्नो जिम्मेवारी छ । तिमीले आफ्नो बहिनीको हेरचाह गर्नुपर्छ, तिमीले खाना पकाउनुपर्छ, तिमीले पानी ल्याउनुपर्छ, तिमीले लुगा धुनुपर्छ ।’ सबैको आफ्नै जिम्मेवारी थियो । हामी यसरी हुर्केका छौं ।" एक आदिवासी महिला नेतृ ।

“तिमीले जे गर्छौ त्यसलाई माया गर्नुपर्छ; तपाईलाई मन पराउनु पर्दछ ।" एक आदिवासी महिला नेतृ ।

“आफूलाई सशक्त बनाउनुपर्दछ, हामी को हौं भनेर आफैलाई मूल्याङ्कन गर्दै, अरूलाई सुनाउदै अन्य महिलाहरूलाई प्रेरित गर्न सक्षम बनाउदै ।" एक आदिवासी महिला नेतृ ।

“महिलाहरूको सहभागितामा सधैं सीमितताहरू हुन्छन् । यी भूमिकाहरू लिनको लागि, ढोकाहरू थोरै बन्द हुन्छन् र यो आदिवासी संसारमा पनि हुन्छ । [...] उनीहरूले महिलाहरूले राम्रो काम गर्छन् भन्ने कुरा बुझ्छन् तर ठाउँ दिन चाहँदैनन् । " एक आदिवासी महिला नेतृ ।

“कम्प्यूटर कसरी प्रयोग गर्ने भनेर थाहा नभएको भए म कहाँ हुने थिएँ ? यदि मलाई रिपोर्टहरू लेख्न नजानेको भए म कहाँ हुने थिएँ ?” एक आदिवासी महिला नेतृ ।

“हरेक दिन, म जीवित भएकोमा ब्रह्माण्डप्रति कृतज्ञ छु; म सधैं ध्यान गर्छु । म सधैं बिहान उठ्छु, म हरेक दिन आफूलाई बल दिन्छु । तिनीहरूले भनेजस्तै, यस क्षेत्रमा के हराइरहेको छ त्यो आत्मसम्मान हो । पहिले हामी आफूलाई सशक्त बनाउनु पर्छ । यो सन्देश यो उर्जा अरूलाई हस्तान्तरण गर्नको लागि हामी आफैंमा ठीक हुनुपर्छ ।"  एक आदिवासी महिला नेतृ ।

“तर पुरुषहरू भन्छन्, ‘मलाई के गर्ने भनेर एउटी महिलाले बताउनु पर्दैन, महिलाहरूले मलाई के गर्ने भन्न सक्दैनन्!’” एक आदिवासी महिला नेतृ ।

“हामी अब उही लजालु महिला छैनौं जो बोल्न लाज मान्ने गर्थे ।" एक आदिवासी महिला नेतृ ।



› Comunidad Pucara. Junin. Una mujer indígena Quechua siembra vegetales. Foto por CAOI/CIAP para RRI.

## ४. अध्ययन विधि

तीनवटा जीवन कथाहरू मध्ये प्रत्येक कथा फरक फरक परामर्शदाताद्वारा संकलन गरिएको थियो जो ती महिला नेतृहरुकै ठाउँमा हुनुहुन्थ्यो, जस्तै आदिवासी महिला नेतृ लागि पेरू, वन समुदाय महिला नेतृका लागि ग्वाटेमाला र अफ्रो-वंशीय महिला नेतृका लागि कोलम्बिया । सबै तीन परामर्श फर्महरुले एउटै जीवन कथा पद्धति लागू गरे पनि प्रत्येकले आफ्ना कथाको विकासमा आ-आफ्ना मौलिक दृष्टिकोण अपनाए ।

आदिवासी नेतृको जीवन कथाको सन्दर्भमा, परामर्शदाताले एक प्रमुख विधिको रूपमा संवादलाई गरे र संवादका लागि भौतिक र अनलाइन तरिकाबाट जोडिए । साथसाथै कथाका सहभागीहरू बीच बारम्बार कुराकानी र समन्वय पनि भयो । शोध र अन्तर्वार्ता लिनेहरूको भूमिकालाई संवादको प्रयोग गरेर पुन: परिभाषित गरिएको थियो । सामाजिक-सांस्कृतिक र राजनीतिक सन्दर्भहरू बीच एक संवाद प्रवर्द्धन गरिएको थियो जसमा नायकलाई राखिएको थियो र यसरी उनको नेतृत्वसँग सम्बन्धित चुनौतीहरू, अवरोधहरू र रणनीतिहरू हेर्दै गर्दा उनको आफ्नै कथाको कथालाई आकार दिन उनको आवाज प्रयोग गरियो । परामर्शदाताले जीवन कथा तयार गर्न निम्न चरणहरू कार्यान्वयन गरे: १) अन्तर्वार्ताका लागि आधारभूत प्रश्नहरूको रूपरेखा बनाउन नेतृसँग मिलेर काम गर्ने; २) सूचना (डाटा) सङ्कलन उपकरण डिजाइन गर्ने ३) महिला नेतृसँग अन्तर्वाताको गर्ने र ४) अन्तर्वार्तालाई व्यवस्थित गर्ने साथै अध्ययन प्रतिवेदन तयार गर्ने ।

वन समुदायकी नतृको जीवनकथा तयार गर्ने परामर्शदाताले प्रतिबिम्ब र संवादको प्रक्रिया प्रयोग गरेर सुरु गरे । अन्तर्वार्ता लिने र अध्ययनकर्ताबीचको यस अन्तरक्रियाबाट नेतृको जीवनका अनुभवहरूको कथाले आकार लिन सफल भयो । यसबाट अन्तर्वार्ता लिइएको व्यक्तिको जीवनबाट प्रभावित र प्रभावित भएका सम्बन्धहरू, कार्यहरू, विचारहरू, भावनाहरू र सन्दर्भहरूलाई अवलोकन गर्ने, पहिचान गर्ने र विश्लेषण गर्ने अवसर मिल्यो । यो सम्पूर्ण प्रक्रियामा, जीवन कथालाई वरपरका सामाजिक, सांस्कृतिक, राजनीतिक र प्रतीकात्मक सन्दर्भहरूसँग विश्लेषणात्मक रूपमा समायोजन गर्ने jअध्ययनकर्ताको कार्य थियो । परामर्शदाताले नेताको जीवन र नेतृत्वको बाटोमा भएका प्रमुख र महत्त्वपूर्ण घटनाहरूमा ध्यान दिए जुन घटनाहरूमा केहि विशेष परिवर्तन वा घटनाहरू घटेका छन् साथै आफ्ना सम्बन्धहरू र स्रोतहरू (राजनीतिक, सांस्कृतिक, सामुदायिक, धार्मिक, संगठनात्मक, अन्तरपुस्तागत) जुन आ-आफ्नो जीवनमा रहेका अवरोध र सीमितताहरूको सामना गर्न तथा आफ्नो संघर्ष र समाधान गर्ने संयन्त्रहरूको प्रयोग वा स्थापना गरेका छन् । जीवन कथा बनाउने गर्ने प्रक्रियामा तीन चरणहरू थिए: १) जीवन कथा तयार गर्ने, २) अन्तर्वार्ता र अनौपचारिक कुराकानीहरू गर्ने, र ३) परिणामहरुको विश्लेषण र रिपोर्टहरू लेख्ने ।

अन्तमा, अफ्रो-वंशीय नेतृको जीवन कथाको हकमा बने परामर्शदाताले प्रायः लुकेका सामाजिक यथार्थहरू बुझ्ने तरिकाको रूपमा जीवन कथा प्रयोग गरे । यस प्रक्रियामा सक्रिय सुनाईको आवश्यक छ जसबाट उचित भाषा र शब्दहरूको सम्मान गर्ने । अल्फ्रेडो मोलानोको एउटा तरिका छ जसमा युद्धमा रहेको देशको अनौपचारिक इतिहास कैद गर्ने, मानिसहरुका कथाहरू सुनाउने तरिकाको रूपमा सामूहिक र लोकप्रिय भाषा (पपुलर ल्याङ्वेज) को महत्त्वलाई जोड दिइन्छ । लोकप्रिय भाषा मोलानोको विधिमा प्रयोग गरिएको आधारभूत तत्व हो - समुदाय वा मानिसहरूको स्मृति निर्माण गर्नको लागि सुरुवात बिन्दु । मौखिक इतिहास पाठ्यक्रममा उनले यसरी उल्लेख गरेका छन् :

> लोकप्रिय भाषा के हो ? ऐतिहासिक दृष्टिकोणबाट हेर्दा यसले काव्यमा आधारभूत तत्वको रूपमा काम गर्दछ । जस्तै यसमा हामीले रोमान्स, गीतसंगीतहरू र ती सबै लोकप्रिय गीतहरू सम्झनु पर्छ जसले कुनै विशेष परिस्थितिहरुबारे सूचना सम्प्रेषण गर्दछन् । धेरै घटनाहरूका कथनीहरू मौखिक र लोकप्रिय भाषाको माध्यमबाट एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याइएको थिए । युरोपमा यसले रोमान्स र कवितालाई जन्म दियो । लोकप्रिय भाषाको साहित्यसँग घनिष्ठ सम्बन्ध छ जस्तो कि हाम्रो बुझाइलाई गहिरो बनाउन सहयोग पुर्‍याउने ठूलो गुणात्मक महत्त्वको साहित्य । म भन्छु कि कविताबिना सामाजिक वास्तविकता बुझ्न सम्भव छैन । कविता खासमा मौखिकता, स्मृति ऐतिहासिक स्मृति र इतिहास हो ।

जीवन कथा निर्माण गर्ने प्रक्रियामा उहाँले के भन्नुभएको थियो भने यो कथा कुनै भूगोल वा क्षेत्रसँग जोडिनु महत्वपूर्ण हुन्छ जसबाट जहाँ व्यक्तिको आफ्नै पहिचानको विकास हुन्छ र जहाँ व्यक्तिगत र सामूहिक आकांक्षाका बीउहरू पाइन्छन् । शरीरमा अंकित प्रत्येक कथाको चिन्हहरू, बाँच्न वा बाँच्नका लागि गरिएका जीवित संघर्षहरूको वा बिर्सिएको सम्झनाहरू जुन पुस्तापिच्छे भोगिएका छन् । यसका लागि छानिएकी नेतृले आफ्नो परिवार, समुदाय र संघसंस्थामा खेलेको भूमिकालाई ध्यानमा राखेर उनले नेतृत्व निर्माण गरेको परिस्थिति, आफ्नो संस्कृति र वातावरणका सबल पक्षहरू, साथै उनले सामना गर्नुपरेका चुनौती र चुनौतीहरू बुझ्नको लागि ध्यानमा राखिएको थियो । लैङ्गिक भेदभाव र बहिष्कार उनको जीवन कथाका हिस्सा बनेका छन् । जीवन कथाहरू तयार गर्नका लागि विधिगत चरणहरू समावेश छन् : १) नेता हुर्केको क्षेत्रको सामाजिक-सांस्कृतिक र लैङ्गिक गतिशीलताबारेका सूचनाहरूको समीक्षा गर्ने २) आफ्नो जीवनको बारेमा नेतृसँग अन्तर्वार्ता लिँने जसमा उनको बाल्यकाल, उनको परिवार, कसरी उनले आफ्नो समुदायमा अगुवा बन्नको लागि वर्ग, जातीय, लिङ्ग र हिंसाको आधारमा बहिष्करणका बाधाहरूलाई पार गर्न आफूलाई आफ्नो समुदायमा र/ वा राष्ट्रिय (वा अन्तर्राष्ट्रिय) स्तरमा के पहल गरिन् साथै समुदायका अन्य महिलाहरूका लागि उदाहरण बनेर तिनका कठिनाइहरू र तिनलाई व्यवस्थापन गर्न र तिनलाई पार गर्न प्रयोग गर्ने रणनीतिहरूको बारेमा थप जानकारी प्राप्त गर्ने; ३) नेतृसँग अन्तर्वार्ता लिने र लेखन गर्ने ४) भर्खरै उठेका मुद्दा वा सवालहरूमा गहिरो अध्ययन गर्न नेतृसँग दोस्रो पटक अन्तर्वार्ता लिने; ५) RRI द्वारा प्रस्तावित मापदण्डको आधारमा नेतृको जीवन कथामा आधारित कथा लेख्ने ।

सबै अवस्थामा यी सन्दर्भहरूले महिला नेतृहरूलाई कसरी चुनौती, प्रभाव र उत्प्रेरित गर्न सक्छन् भनेर बुझ्नको लागि क्षेत्रीय र ऐतिहासिक दुवै रूपमा जीवन कथाहरू प्रस्तुत गर्नु महत्त्वपूर्ण मानिएको थियो । यसरी जानकारीको प्राथमिक स्रोत क्षेत्रीय, सांस्कृतिक र ऐतिहासिक जानकारीसँग जोडिएको थियो । स्थानीय समुदायहरू, आदिवासी जनजातिहरू, अफ्रो-वंशीय व्यक्तिहरू साथै तिनीहरूको नियन्त्रण र स्रोतहरूमा नियन्त्रण गर्ने व्यक्ति र संस्थाहरूद्वारा मानिसहरूको जीवन अनुभवहरू निर्माण गरिन्छ । यी विवादहरूबाट उत्पन्न हुने भूमिगत गतिशीलताहरूले ऐतिहासिक-भौगोलिक सन्दर्भहरू जन्माउने गर्दछन् जसले पहिचान र सामाजिक कार्यहरूलाई निर्माण र रूपान्तरण गर्दछ । तसर्थ, महिला नेतृहरूका जीवन कथाहरू र सामाजिक-राजनीतिक पहिचानहरूलाई विश्लेषणात्मक रूपमा प्रस्तुत गर्दै उनीहरूको जीवनमा भएगरेका सम्बन्धहरूको सञ्जालहरूले आकार दिनुपर्छ ।

इतिहास सामान्यतया आधिपत्यवादी आवाजहरू मार्फत् भन्ने गरिन्छ जसबाट मानिसहरूउपर एक विशिष्ट ऐतिहासिक भाष्य निर्माण गर्छ र थोपर्ने गर्दछ । यस अर्थमा यो अध्ययनले आदिवासी, अफ्रो-वंशीय र स्थानीय समुदायहरूमा महिला नेतृहरूको उपस्थिति र आवाजलाई कसरी लुप्त पारिन्छ भन्ने विषयलाई उजागर गर्ने अवसर दिएको छ ।

यस अध्ययनका प्रारम्भिक नतिजाहरू उपलब्ध भएपश्चात ल्याटिन अमेरिकी RRI गठबन्धनका १८ संस्थाहरूसँग सूचना आदान-प्रदानको सत्र आयोजना गरिएको थियो:

Coordinating Committee of Women Territorial Leaders (CMLT), National Organization of Indigenous Women of Peru (ONAMIAP), National Coordinating Committee of Indigenous Women of Bolivia (CNAMIB), Association of Indigenous Women from the Brazilian Amazon (UMIAB), National Committee for the Coordination of Black Rural Quilombola Communities (CONAQ), Association of Afro-descendant Women from Northern Cauca (ASOM), Latin American Association for Alternative Development (ALDEA) of Ecuador, Fundación Azúcar of Afro-descendant women from Ecuador, Association of Forest Communities of Petén (ACOFOP) of Guatemala, Mexican Network of Forestry Peasant Organizations (RED MOCAF), the International Forum of Indigenous Women (FIMI), Association of Ipeti Embera Women Artisans of Panama (AMAIRE), Andean Coordinating Committee of Indigenous Organizations (CAOI), Black Communities' Process of Colombia (PCN), Organization of Indigenous Peoples of the Colombian Amazon (OPIAC), the National Agrarian Coordinator (CNA) of Peru, International Institute for Environment and Development (IIED), र CIFOR-ICRAF.

# ५. अध्ययनका परिणामहरू

## ५.१. नेतृत्वमा अवरोधहरू

### ५.१.१ अन्तर्वर्गीय अवरोधहरू

अवरोधहरूरूलाई बुझ्नु भनेको तिनीहरूलाई आ-आफ्नो अन्तर्क्रियात्मक विशेषताहरूसँग जोडेर हेरिनु र तिनीहरूलाई उत्तर-औपनिवेशिक समाज र तिनीहरूको क्षेत्रहरूको परिप्रक्ष्यमा राख्नु हो । यी इतिहासहरूले संगठनात्मक र राजनीतिक सहभागितामा महिला अधिकारहरूलाई सीमित गर्दै पितृसत्तात्मक, जातिवादी र वर्गवादी हिंसाको आकार दिएका छन् । अवरोधहरू सीमित अवसरहरूमा पनि प्रकट हुन सक्छन् जसले महिला नेतृत्वमा बाधा पुर्‍याउँछन् र समानुभूतिपूर्ण जानकारीमा पहुँचबाट टाढा राख्ने गर्दछन् । त्यस्ता अवरोधहरू देखिएको अवस्थामा महिलाले स्वतन्त्र र सुसूचित भई गर्ने निर्णयमा उनीहरूको सहभागितालाई प्रत्यक्ष रूपमा असर गर्छ ।

प्रत्येक नेतृले ल्याटिन अमेरिकाका आदिवासी, अफ्रो-वंशीय व्यक्ति र स्थानीय समुदायका महिला नेतृहरूले व्यक्त गरेका विशेषताहरूसहितको विशेष सन्दर्भ प्रस्तुत गरेका छन् ।

उदाहरणका लागि, ग्वाटेमालाको माया बायोस्फियर रिजर्भमा वन समुदाय नेताको इलाका भित्रको क्षेत्रलाई नियन्त्रण गर्न विभिन्न सरोकारवालाहरू भेटिन्छन् । यी मध्ये किसान र आदिवासी जनसङ्ख्याहरू (जुन हालसालै बसाइँ सरेका छन्) अन्तर्राष्ट्रिय संरक्षण संस्थाहरू, ठूला पुरातात्विक र पर्यटन परियोजनाहरू, तेल कम्पनीहरू, र संगठित आपराधिक समूहहरू सम्मिलित छन् ।

कोलम्बियाको प्रशान्त क्षेत्रकी अफ्रो-वंशीया महिला नेतृहरू यसको पानी र सुन जस्ता खनिज स्रोतहरूको कब्जा, नियन्त्रण र शोषणको कारण ऐतिहासिक तनावले ग्रस्त क्षेत्रमा बस्छन् जुन हालैका दशकहरूमा अवैध बालीका कारण भएको हो । गैरकानूनी सशस्त्र समूहहरूद्वारा उत्पन्न क्षेत्रीय विवादहरूले काकाका अफ्रो-कोलम्बियाली महिलाहरूको जीवनमा, साथै समुदाय र क्षेत्रका संगठनहरूमा गहिरो र हिंसात्मक प्रभाव पारेको छ । अन्तमा, पेरुको अमेजनका आदिवासी नेताहरू २० औं शताब्दीको मध्यमा आदिवासी जनजातिहरूको दासत्वबाट धेरै प्रभावित भएको क्षेत्रमा बस्छन्, जहाँ आन्तरिक सशस्त्र द्वन्द्वले आशनिका र अशेनिका जनताको अस्तित्वको लडाइमा गहिरो प्रभाव पारेको छ । सबै अवस्थामा, ग्रामीण जनसङ्ख्याका आधारभूत आवश्यकताहरूलाई राज्यले बेवास्ता गरेको इतिहास निरन्तर भैराखेको देखिन्छ ।

### ५.१.२ संरचनात्मक र संरचनाजन्य अवरोधहरू

› भूमि र स्रोतहरूमा पहुँच

कुनै भूमिमा अवस्थित स्रोतहरूको नियन्त्रणको सम्बन्धमा विभिन्न कानुनी र गैरकानूनी समूहहरू बीच निरन्तर तनाव छ, जहाँ विभिन्न सरोकारवालाहरूको शक्ति सम्बन्ध र लैङ्गिकताबारेका सामान्यीकृत बुझाइहरूले क्षेत्रीय स्रोतहरूमा महिलाको पहुँच र नियन्त्रणलाई सीमित गर्दछ साथै उनीहरूको संगठनात्मक र राजनीतिक सहभागितामा अवरोधको रूपमा काम गर्दछ । ।

› भूमि क्षेत्रमा द्वन्द्व

प्रत्येक क्षेत्रमा चलिरहेको द्वन्द्वले महिला नेतृहरूको जीवन परियोजनाहरूमा विशेष प्रभाव पारेको छ । विभिन्न समयमा, यी द्वन्द्वहरूले उनीहरूलाई विस्थापन, उखेल्ने, असुरक्षा, धम्की र पुन: अनुकूलनको अवस्थाहरूमा पर्दाफास गर्दछ, अन्य अनुभवहरूका साथै तिनीहरूको मौलिक अधिकारहरूको उल्लङ्घनमा निम्त्याउँछ ।

› शिक्षामा पहुँच

ग्रामीण महिलाहरूका लागि औपचारिक शैक्षिक प्रक्रियाहरूमा पहुँचको अभाव भएको तथ्य अध्ययन गरिएका क्षेत्रहरूमा देखिन्छ । यस अवरोधले प्राविधिक सीमितता र महिलाको आत्मसम्मानमा पर्ने प्रभावका कारण प्रतिनिधिमूलक भूमिका र पदहरूमा पहुँचको अन्तर बढाउँछ ।

› प्रविधि र प्राविधिक ज्ञानमा पहुँच

प्रविधिको पहुँच साथै प्राविधिक ज्ञानमा पहुँच कमले महिलाहरूको दायरा सीमित हुँदा पुरुषहरूमा केन्द्रित हुने प्रवृत्ति हुन्छ । तर सबैभन्दा बढी यसले स्थानीय मुद्दाहरू साथै संगठनात्मक व्यवस्थापन वा राजनीतिक वकालतसँग सम्बन्धित विशिष्ट ज्ञानको विकास र निर्णय लिनेलाई क्षमतालाई प्रतिबन्धित गर्दछ ।

› आर्थिक असुरक्षा

माथि उल्लिखित बाधाहरूलाई ध्यानमा राख्दै यसले महिला नेतृहरूको आर्थिक सुरक्षाको स्तरलाई कसरी प्रभाव पार्छ भनेर बुझ्न महत्त्वपूर्ण हुन्छ । नेतृहरूले आफ्नो क्षेत्रहरूमा रोजगारीका अवसरहरूको अभाव, ज्याला असमानता साथै श्रम अनौपचारिकताको अनुभव गरेका छन् जसले गर्दा आर्थिक निर्भरताको गतिशीलता र तिनीहरूको अर्थतन्त्रमा अनिश्चिततालाई बलियो बनाएको छ ।

### ५.१.३ लैङ्गिक भूमिका र अन्तर

› परिवार

घरायसी काम र हेरचाह परिवारको अर्थतन्त्रमा योगदान पुऱ्याउने कामको मौद्रिक मूल्य हुँदैन । यद्यपि यो मुख्यत: महिलाहरूमा पर्ने भएकोले यसले प्रशिक्षण, संगसठनात्मक र मनोरञ्जन गतिविधिहरूमा भाग लिन उनीहरूको उपलब्धतालाई सीमित गर्दछ । यो विषय पुरुषको शिक्षालाई प्राथमिकता दिने र सार्वजनिक स्थानहरूमा काम गर्ने भूमिकाका लागि पुरुषहरूलाई बढावा दिनेसँग सम्बन्धित छ ।

› संगठन

यी गतिशीलताहरू, जुन सामान्यतया घरमा हुन्छन्, त्यसपछि मिश्रित-लिंग संगठनहरूमा दोहोरिन्छ, जहाँ महिलाको योगदानको मूल्यलाई हेरचाह प्रणाली वा विशेष रूपमा महिला र परिवारसँग सम्बन्धित एजेन्डामा घटाउन सकिन्छ, जसले पछि पहुँच, योग्यता, विश्वास, र प्रतिनिधित्व, वार्तालाप, र नेतृत्वका अन्य रूपहरू समावेश स्थानहरू राख्नको लागि आवश्यक समर्थन ।

## ५.२. अवरोधहरू हटाउनको निम्ति महिला नेतृहरूले अपनाएका रणनीतिहरू

### ५.२.१ नेतृत्व अभ्यास गर्न सिकाउने तरिकाहरू

महिला नेतृहरूले विश्वविद्यालय शिक्षा र/वा समुदाय र संगठनात्मक कामको अनुभव मार्फत् आफ्नो ज्ञान विस्तार गरेका छन् । सबै जीवन कथाहरूमा के देखिन्छ भने महिला नेतृहरूले विभिन्न परिस्थितिहरूसँग जुध्न, उनीहरूको अरूसँगको सम्बन्ध र परिवर्तनहरूलाई लिएर सामाजिक र भावनात्मक सीपहरू सिक्न र विकास गर्न इच्छुक देखिन्छन् । जब महिला नेतृहरू आदिवासी र अफ्रो-वंशीय समुदायको हिस्सा हुन्छन् तिनीहरूले पनि पुर्खाको ज्ञानलाई पुन:जागरण र समावेश गरेका छन् ।



› Sierra Nevada de Santa Marta, Colombia. Photo by Rafael Martinez for RRI.

महिला नेतृहरू मध्ये कोहीले विश्वविद्यालय र प्राविधिक अध्ययन पूरा गर्नमा ध्यान केन्द्रित गरेका छन् र अरूले केवल प्राथमिक विद्यालय पूरा गरेका छन् तर आफ्नो अनुभवलाई निरन्तर सिक्ने स्रोतको रूपमा प्रयोग गर्ने निर्णय गरेको देखिन्छ ।

विद्यालय शिक्षाको अवसर प्रत्येक परिवारको सामाजिक आर्थिक सम्भावना र/वा पारिवारिक सहयोगले निर्धारण गरेको थियो ।

उनीहरूले सामुदायिक काममा युवाहरूलाई संलग्न गरेर, अन्य महिलाहरूलाई प्रशिक्षण र समर्थन गरेर र तालिम र सशक्तिकरणको लागि सहभागितामूलक विधिहरू विकास गरेर अरूको सिकाइलाई पनि सहज बनाएका छन् ।

### ५.२.२ तल्ला तहहरूमा सामुदायिक संगठन

महिलाहरूको नेतृत्वमा रहेका संगठनहरूले विभिन्न रणनीतिहरू प्रयोग गर्छन् र केही गुणहरू साझा पनि छन् । सबै नेतृहरू सामुदायिक संगठनबाट उठेका हुन्छन् जुन सम्बन्ध गाँस्दै, एकताबद्ध हुदै र आफ्नो समुदायको दिगो विकासका लागि कार्यक्रम र परियोजनाका लागि अत्यावश्यक आवश्यकताहरूलाई मनन गर्दै बनाइन्छ र जसले गर्दा यस्ता सम्भावनाहरू सबैका लागि खुला देखिन्छन् ।

> सबै नेतृहरू सामुदायिक संगठनबाट उठेका हुन्छन् जुन सम्बन्ध गाँस्दै, एकताबद्ध हुदै र आफ्नो समुदायको दिगो विकासका लागि कार्यक्रम र परियोजनाका लागि अत्यावश्यक आवश्यकताहरूलाई मनन गर्दै बनाइन्छ र जसले ।

केही संस्थाहरू (आदिवासी र अफ्रो-वंशीय) आफ्नो परम्परा र सांस्कृतिक ऐक्यबद्धताका अभ्यासहरूमा आधारित भएका देखिन्छन् । स्थानीय समुदायका अरूस हरूले परम्परागत किसान (क्याम्पेसिना) को पहिचान र अभ्यासहरूलाई पुन: आविष्कार गरेका छन् ताकि दिगोपनको दृष्टिकोणबाट मार्फत वन र तिनीहरूका स्रोतहरूसँग जोडिन सकिन्छ । कतिपय संस्थाहरूले राज्यद्वारा प्रवर्द्धित परियोजनाहरूमा भाग लिएका छन्  । अरूहरूले राज्य आलोचनात्मक विरोधमा देखिन्छ (जस्तै भ्रष्टाचारको अनुगमन गर्ने) ।

### ५.२.३ महिला सहभागिता सुदृढ गर्न एजेन्डा निर्माण र प्रवर्द्धन

महिला नेतृहरू एजेन्डाहरू निर्माण गर्न प्रयासमा सम्मिलित हुन्छन् जसले गर्दा निर्णय प्रक्रियामा उनीहरूको सहभागितालाई बलियो बनाउँछ र जसमा निम्न पक्षहरू समावेश हुन्छन्, जस्तै:

- महिलाहरूमा आशा र वफादारीता जगाउने; महिलाहरूलाई व्यक्तिगत र सामूहिक अधिकारहरूमा प्रशिक्षित गर्ने; संगठनहरूमा सक्रिय रूपमा सहभागी हुन महिलाहरूलाई समर्थन गर्ने; महिलाहरुलाई संगठित गर्न, तालिम दिने र सशक्तिकरणका लागि सहभागितामूलक विधिहरू विकास गर्दै संघ र संस्थाहरू गठन गर्ने ।
- महिलाको नेतृत्व क्षमताहरूलाई वैधता दिन, विश्वसनीयता सिर्जना गर्न र प्रवर्द्धन गर्न लगनशीलता, प्रतिबद्धता र जिम्मेवारी गर्ने ।
- महिला सहभागिताका लागि थप ठाउँहरू र विशेष उदाहरणहरू पहिल्याउन संगठनहरूमा परिवर्तनहरू गर्ने ।
- संगठनभित्र महिलाहरूको लागि विशेष भूमिकाको निम्ति दायराहरू विविधीकरण गर्दै जाने ।

### ५.२.४ सहयोगी सञ्जालहरूको व्यवस्थापन

- उनीहरू महिला सहभागिता बढाउने खालका अन्तर्राष्ट्रिय विषयवस्तुहरूसँग जोडिएका छन् ।
- उनीहरूले द्वन्द्वलाई सम्बोधन गर्ने संयन्त्र र शासन रणनीतिको रूपमा संवादलाई प्राथमिकता दिएका छन् ।
- उनीहरूले विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरू र सम्बन्धित राज्य संस्थाहरूसँग सम्बन्ध विकास गरेका र कायम राखेका छन्
- आफ्ना छोराछोरीको पालनपोषण र परिवारको हेरचाहको निम्ति पारिवारिक सञ्जालहरू र एकअर्कामा भर पर्ने गरेका छन् र यसको सँगसँगै नेतृको भूमिका र जिम्मेवारीहरू पनि पूरा गरेका छन् ।

### ५.२.५ स्वयं-सुधार

- यो विषयले आध्यात्मिक अभ्यासहरू र भावनात्मक तयारीको माध्यमबाट गरिने काम र स्वयं-हेरचाहलाई बुझाउँछ जसबाट आत्म-विश्वास बढ्ने, स्पष्ट लक्ष्यहरू बनाउने, दृढ रहने र पुर्खाहरू, जीवन ऊर्जा र प्रकृतिसँग पुन: जोडिने कुरालाई जनाउँदछ ।

## ५.३. भिन्न नेतृत्व



Latin America Women Retreat.Tejiendo Juntas. April 2024. Photo by ALDEA for RRI.

अफ्रो-वंशीय मानिसहरुका लागि सामुदायिक नेतृत्व स्थापना निम्ति संस्कृति आधारभूत विषय हो । यस सांस्कृतिक पहिचान र कृषि, पाककला, हेरचाह, लोकगीत र प्राकृतिक स्रोतको उपयोगका अभ्यासबारे उनीहरुका आफ्ना अग्रज जहरुद्वारा प्रसारित ज्ञानको कारणले गर्दा नेतृले आफू एक अश्वेत महिलाको हिसाबले आफ्नो आवाज उठाउनको लागि बलियो आधार दिन्छ । यसमा जातीय पहिचान पनि जोडिएको हुन्छ जसले उनलाई महिला र उनको समुदायलाई प्रभाव पार्न बाटो दिन्छ । यस्तो बलियो सांस्कृतिक सम्पदाको कारण उनले आफ्नो समुदायका गरीब र अश्वेत महिलाहरुका आवश्यकता, कमजोरी र बहिष्कारका रुपहरू बुझ्न सक्छिन् र भूमिको अधिकार, स्रोत साधनको प्रयोग, लैङ्गिक समानता र राजनीतिक सहभागिताको रक्षा गर्न सामूहिक प्रक्रिया कार्यान्वयनको निम्ति एकता, सहकार्य, संगठन, गतिशीलता र रणनीतिहरू विकास गर्नको लागि उनीहरुसँग कसरी जोडिने भनेर बुझ्न सक्छिन् ।

समुदायको सहयोगमा अफ्रो-वंशीय महिलाहरूको एउटा संघ निर्माण गरिएको थियो जसमा यी एक महिलाको आवाजले समुदायका अन्य धेरै महिलाहरुको साझा आवाजलाई प्रतिनिधित्व गरेको थियो । यस सामुदायिक प्रक्रियामा महिलाहरू सशक्त भएका थिए र यसैमाझ ती नेत एक प्रभावशाली नेताको रुपमा उभिन सफल भईन् र ठूला संगठनात्मक सञ्जालहरु र महत्त्वपूर्ण राष्ट्रिय र अन्तर्राष्ट्रिय वकालत गर्ने ठाउँहरुमा भाग लिन पुगिन् ।

ती अफ्रो-वंशीय महिला नेतृले पनि बिस्तारै आफ्नो परिवारका पुरुष अग्रजहरूबाट समर्थन प्राप्त गर्दै गइन् जसले उनीलाई मिश्रित-लैंगिकता भएका संगठनमा मार्ग प्रशस्त गर्‍यो र यसबाट उनले आफूलाई स्थापित गर्न र पितृसत्ताद्वारा ल्याइएका चुनौतिहरू संघर्ष गरी पार गर्नुपर्‍यो । उनीहरूको संघर्षलाई सम्मान र मान्यता दिएर उनले पुरुष र महिला दुवैको समर्थन कमाइन् विशेष गरी अफ्रो-वंशीय महिलाहरू र समुदायहरूबाट । यस सहयोगबाट उनले महिलाहरू परिवर्तनका हिमायतीहरू हुन् भन्ने कुरा स्थापना गर्न काम गर्न सकिन् ।

ती अफ्रो-वंशीय महिला नेतृले पनि बिस्तारै आफ्नो परिवारका पुरुष अग्रजहरूबाट समर्थन प्राप्त गर्दै गइन् जसले उनीलाई मिश्रित-लैंगिकता भएका संगठनमा मार्ग प्रशस्त गर्‍यो र यसबाट उनले आफूलाई स्थापित गर्न र पितृसत्ताद्वारा ल्याइएका चुनौतिहरू संघर्ष गरी पार गर्नुपर्‍यो ।

सामान्यतया, आदिवासी जनजातिहरू आफ्नो संगठनात्मक, सामाजिक र राजनीतिक ज्ञानका साथै सांस्कृतिक मूल्य, रीतिरिवाज, हेरचाहको ज्ञान, क्षेत्रीय व्यवस्थापन र भाषाहरूको पुनरुत्थानको माध्यमबाट आजसम्म जीवित रहन सफल भएका छन् ।

यस परिप्रेक्ष्यमा, अशेनिका नेतृको सहभागिता र नेतृत्व प्रक्रियामा जातीय पहिचान कसरी आधारशीला हुन्छ भनेर पहिचान गर्न महत्त्वपूर्ण हुन्छ । उनी जनताकै हिस्सा हुन् र जनता उनको सहभागितामा उपस्थित छन् । उनको पहिचान र अशेनिका जनतासँग सम्बन्धित हुनुको अलावा वर्तमान सन्दर्भमा प्रत्येक आदिवासी जनजातिले आदिवासी जनजातिको सामूहिक अधिकारहरू पनि हुन्छन् भन्ने कुरा बुझ्नु आवश्यक छ । तसर्थ, अशेनिका नेतृको कथा, यसबाट सिकेका पाठहरू, कार्यहरू र प्रेरणाहरूको जग भनेको उनको जातीयता र आदिवासीहरुका लागि पूर्ण अधिकारको पहुँच र अधिकार प्रयोगको ग्यारेन्टी गर्ने एजेन्डाहरू हुन् ।

यद्यपि, उनको नेतृत्व र वकालत प्रक्रियालाई उनको व्यक्तिगत अनुभव, पारिवारिक योगदान र ज्ञान साथै उनको हजुरआमाको ज्ञान र बुबा-आमा द्वारा देखाइएका नेतृत्वदायी भूमिकाहरू सबैले एक साथ सहयोग गरेका छन् । यद्यपि, समुदाय, स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरू, आवश्यकताहरू र ज्ञानले पनि यस प्रक्रियालाई बलियो बनाउन काम गरेका छन् ।

जसरी जातीय र संगठनात्मक प्रक्रियाहरू यस कथाका अंश हुन्, त्यसै गरी के पनि महत्वपूर्ण हुन्छन् भने यसरी विश्लेषण गरिएका अनुभवहरू अमेजनीय आदिवासी महिलाका हुनुपर्दछ र यी मिश्रित-लैंगिक संगठनात्मक प्रक्रियाहरू स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय आदिवासी संगठनहरूमा हुनुपर्दछ ।

यसले हामीलाई यस दस्तावेजका लागि पहिचान गरिएका अवरोधहरू, रणनीतिहरू र सिकेका पाठहरू एशेनिका आदिवासी महिलाको अनुभवमा आधारित छन् भनेर बुझ्न सहयोग पुर्‍याउछ । ती महिला एक जवान, उच्च शिक्षा पाएकी एकल आमा; एक प्रमाणपत्र धारक अनुवादक र एक महिला जसले आफ्नो पारिवारिक सम्बन्ध, आफ्नै अनुभव र अनुभूतिहरूमा टेकेर संगठनात्मक कामहरू सुरु गरिन् । उनले आफ्नो व्यावसायिक र प्राविधिक ज्ञानलाई स्थानीय संस्थाको सेवामा मूल्याङ्कन गर्दै आफ्नो प्राविधिक ज्ञानको मूल्याङ्कन गर्दै आदिवासी जनजातिको स्वास्थ्यमा पहुँच सुरक्षित गर्नका लागि ठूलो जनसङ्ख्यालाई फाइदा पुऱ्याउन प्रयोग गरिन् ।

नेतृ आफैले स्वीकार गरेकी छन् कि समयको उपलब्धता, आर्थिक स्वायत्तता, प्राविधिक ज्ञान र प्रविधिको प्रयोग, अनुवादको सीप, स्वास्थ्य मुद्दाहरूमा विशेषज्ञता, परम्परागत ज्ञान र सामाजिक-भावनात्मक सीपहरूले नै मिश्रित-लैंगिक संगठनहरूमा हुने सहभागिताका प्रक्रियाहरूमा अर्थ राख्नेछन् । स्थानीय संगठनबाट कोइका (COICA) जस्ता अन्तर्राष्ट्रिय निकायहरूको पुग्दै गर्दा उनको उदय छिट्टै भयो । उनले आफ्नो क्षमता, सीप र राष्ट्रिय विषयहरूलाई विभिन्न तहहरूमा छिट्टऔ बलियो बनाइन् र ती विषयहरूलाई संगठनात्मक प्रक्रियाहरूमा महिलाहरूले ओगट्न सक्ने विविध स्थानहरूको प्रवर्द्धन गर्न प्रयोग गरिन् ।

यो पनि जान्नु महत्वपूर्ण हुन्छ कि कुनै नेतृलाई वैधानिकता दिने तत्वहरू नै फेरि व्यक्तिगत उपलब्धिहरू हुन् जसले उनलाई धेरैजसो अमेजनका आदिवासी महिम लाहरूले अनुभव गरेका परिस्थितिहरूबाट टाढा राख्छन् । अर्कोतर्फ, यी सबै उपलब्धिहरूका बाबजुद पनि नेतृले जीवनभर विभिन्न अवसरहरूमा उत्पीडन र लैङ्गिक हिंसाको अनुभवबाट कसरी अछुतो रहन सकिनन् भन्ने कुरा पनि बुझ्नुपर्छ ।

अन्तमा, कुनै भूमिको अधिकारको रक्षा गर्ने सामूहिक सामुदायिक प्रक्रिया र यसका स्रोतहरूको उपयोग (जसमा स्थानीय समुदायको वन संगठनकोप जन्म भयो र जसमा नेताको उदय भयो) का निम्न विशिष्ट विशेषताहरू छन् :

- यो देशका विभिन्न भागहरूबाट किसान (क्याम्पेसिनो) परिवारहरू रहेको र भर्खरै आवादी बढेको (५० वर्षभन्दा कम वर्षदेखि) क्षेत्रमा अवस्थित छ । विभिन्न परम्पराहरू, सांस्कृतिक विशेषताहरू साथै विभिन्न जातीय समूहहरू यहाँ उपस्थित छन् । अर्को शब्दमा भन्नुपर्दा दीर्घकालीन सामाजिक र सांस्कृतिक अभ्यासहब रूले यस क्षेत्रमा जरा गाडेका छैनन् । शायद यस क्षेत्रको आवादी भएका परिवारहरूको साझा विशेषता भनेको कृषि भूमिको खोजीमा गतिशीलता हो किनभने तिनीहरूमध्ये अधिकांश अन्य आन्तरिक आप्रवासीहरूका सन्तानहरू थिए ।
- यो एक राज्यद्वारा संरक्षित क्षेत्रको रूपमा परिकल्पना गरिएको थियो जुन सन् १९८९ मा बनाईएको संरक्षित क्षेत्रको राष्ट्रिय प्रणालीको एक हिस्सा थियो । यो क्षेत्र र यसको स्रोतको सामूहिक व्यवस्थापनमा समुदायको पहुँच र सहभागिता यहाँको सामाजिकताको परिणाम हो । यी सर्तहरूको पालना गर्नुपर्ने हुनाले यसले स्थानीय नेतृत्वका लागि अवसरहरू दिलाएको देखिन्छ । तर जे होस्, वन र राज्यसँग निहित सम्बन्ध यस प्रक्रियाको एक धेरै विशिष्ट विशेषता हो ।
- वनका सहुलियतहरू जोखिमपूर्ण प्रक्रियाहरू हुन् आन्तरिक र बाह्य दुवै रूपमा । तिनीहरू आन्तरिक रूपमा जोखिममा छन् किनभने सबै बासिन्दाहरू सहुलियह तको ढाँचासँग सहमत छैनन् । त्यसैगरी बाह्य रूपमा पनि जोखिममा छन् किनभने तिनीहरू धेरै द्वन्द्वरत समूह र असमान शक्तिका सरोकारवालाहरूद्वारा गठित क्षेत्रका हिस्सा हुन् । यस वन संगठनको हकमा मुख्य खतरा वन फँडानीबाट आएको थियो जुन गाईवस्तुहरू राखिने ठाउँहरू बनाउन अवैध जग्गा बिक्री गरी बनाइएको थियो ।
- स्थानीय नेतृत्वलाई संगठनको निरन्तरताको ग्यारेन्टी गर्न र राज्यद्वारा प्रदान गरिएको वन सहुलियतको ग्यारेन्टी गर्न बलियो बनाइएको छ जसले त्यस क्षेत्रमा पहुँच दिने काम गर्दछ । यसको निरन्तरताको सुनिश्चितताको प्रयास भनेको (नेतृले जोड दिएको जस्तै) पुरुष र महिलाहरू जो निर्देशक बोर्डको भाग भइसकेका छन्, उनीहरू नै हुन् । उनले आफ्नो भनाईमा आफूले प्रतिनिधित्व गर्ने संघ र आफूलाई नियुक्त गर्ने सभाले नेतृत्वदायी भूमिका निर्वाह गरेको कुरा दोहोऱ्याउँ‌छिन् । यसको बदलामा यी संस्थाहरूले पनि उनलाई साथ दिन्छन् जब कुनै सामाजिक पक्षहरूबाट उनलाई कुनै खतरा आउँछ ।

ग्रामीण किसान समुदायमा अवस्थित मिश्रित-लैंगिक सामुदायिक वन संगठनको विशिष्टताले परम्परागत लैंगिकतालाई नै बढावा दिएको देखिन्छ । स्थानीय परिवारहरूको लागि संगठन एक जीविकाको बाटो हो जसले गर्दा स्थानीय व्यक्तिहरूको अस्तित्वमा यसले अभिन्न भूमिका खेल्छ । ग्रामीण किसान समुदायका घरपरिवारमा लैङ्गिक भूमिका र श्रम विभाजनले परम्परागत ढाँचालाई मलजल गर्दछ जसरी नेतृले भनेकी छन् : "श्रीमान् काममा जाने र श्रीमती घरमा बस्ने बानी हामीमा परेको छ ।"

लैंगिकताको आधारमा घरपरिवारमा हुने श्रम विभाजन संगठनको वनमा हुने काम र भूमिकाको बाँडफाँटसँग मिल्छ । पुरुषहरू निकासी र व्यावसायीकरण साथै निगरानी र नियन्त्रणसँग सम्बन्धित मुख्य कार्यहरूको जिम्मेवार छन् । तिनीहरूले व्यवस्थापन पदहरूको उच्च प्रतिशत पनि ओगटेका छन् । महिलाहरूले निकासी

प्रक्रियाका केही चरणहरूमा भाग लिन्छन् र घरायसी अर्थतन्त्र (बेकिंग, खाना पकाउने, आदि) मा महिलाहरूको परम्परागत भूमिकासँग सम्बन्धित परियोजनाहरू सञ्चालन गर्छन् ।

यो सम्भव छ कि वनको कामको भूमिकामा हुने लैङ्गिक भिन्नताले प्राविधिक वन र प्रशासनिक ज्ञानको ग्रहणमा, सूचनाको पहुँचमा, संगठनात्मक काम र वकालत गर्ने ठाउँहरूमा हुने कार्य अनुभवमा असमानता निम्त्याउँछ ।

उनको नेतृत्वको बाटोमा एउटा मोड ल्याउने दुईवटा घटनाहरू थिए: १) आफ्नो पतिको मृत्युपछि घरपरिवारको मूल मान्छे बन्ने र कमाउने; र २) समाजका पुरुष नेताहरूले संघको नेतृत्व पदबाट राजीनामा दिएपछि संघको अध्यक्ष र प्रतिनिधिको रूपमा उनको नियुक्ति । क्षेत्रीय विवाद र त्यस द्वन्द्वमा राज्यको हस्तक्षेपका कारण उत्पन्न तनाव र धम्कीका कारण संघको प्रमुखमा रहँदा जोखिम खडा भएको बेला यस्तो भएको हो । दुबै क्षणहरूमा "बाह्य" घटनाले घर र सामुदायिक स्थानमा लिङ्ग भूमिकाहरूको परम्परागत र प्रमुख वितरणलाई बाधा पुऱ्याएको देखिन्छ । यी घटनाहरूले यस्ता अवसरहरू सृजना गऱ्यो जसमा उनको दृढता, प्रतिबद्धता र सिक्ने इच्छाले उनको नेतृत्वदायी भूमिकालाई मात्र नभई संगठनको प्रक्रियालाई सुरक्षित गर्न पनि सहज बनायो ।




› Latin America Women Retreat.Tejiendo Juntas. April 2024. Photo by ALDEA for RRI.

ACOFOP र अन्तर्राष्ट्रिय सहयोगको सहयोगमा गठन गरिएको संगठन स्थानीय जनताको लागि नयाँ अनुभव थियो । लगभग सुरुदेखि नै ACOFOP ले महिला सहभागिताको महत्त्वलाई उठायो, लैङ्गिक समानता सम्बन्धी तालिमलाई सहज बनायो र महिलाहरूको लागि एक विशेष संगठनात्मक सञ्जाल स्थापना गऱ्यो । यस सञ्जालमा भाग लिएर महिला नेतृहरूको लागि सिक्ने र सशक्तिकरण हुने अनुभव मिलेको छ ।

महिला र पुरुषहरूसँग काम सँगै गर्नु महत्त्वपूर्ण हुन्छ र उनीहरूलाई घर र समुदायमा लैङ्गिक भूमिकाको परम्परागत वितरणले महिलामाथि लगाइएका सीमितताहरूमाथि प्रश्न गर्न र महिलाहरूका लागि अवसरहरूको माग गर्न प्रोत्साहन दिनु महत्त्वपूर्ण हुन्छ । जस्तै यी प्रक्रियाहरूलाई वनको कार्यक्रमको सामूहिक उद्देश्यहरूलाई "धोखा" वा "विभाजन" नभई त्यसलाई सहयोग पुग्ने वा प्रवर्द्धन गर्न सकिने प्रक्रियाको रूपमा हेर्न सकिन्छ ।

वन सामुदायिक नेताको अनुभवको आधारमा अन्य महिलाहरूलाई उनीहरूको सहभागिताको परिणामस्वरूप उपलब्ध हुने सिकाइ र रोजगारीका अवसरहरू देखाउन महत्त्वपूर्ण छ । यो भन्न सकिन्छ कि महिला नेतृजस्ता संगठित महिलाहरूको लैङ्गिक व्यक्तित्वहरू परम्परागत घरपरिवार र सामुदायिक लैङ्गिक संरचना र विभिन्न ठाउँमा महिला संगठनात्मक सञ्जाल र तालिम प्रक्रियाहरूमा सहभागिताबाट आउने नयाँ अनुभव र दृष्टिकोणहरू बीचको अन्तरक्रियामा सुदृढ हुन्छन् ।

## ६. सिकाइहरू

तीन महिला नेतृहरूले सिकेका पाठहरू र केही समानताहरू जो उनीहरूले नेतृत्व प्रयोग गरेर र उनीहरूका समुदायका अन्य महिलाहरूको लागि मार्ग प्रशस्त गर्ने रणनीतिहरूमा आधारित छन् :

- महिलाहरूलाई आफूलाई नेताको रूपमा सशक्त बनाउन र उनीहरूको अधिकार र उनीहरूको समुदायका लागि लड्न, अवसरहरूको लागि आफूलाई तयार पार्न, र नेतृत्वको पदहरू लिनको लागि उनीहरूको सीप र क्षमताहरू पहिचान गर्न सक्षम बनाउने ।
- धेरैभन्दा धेरै र नयाँ नेतृत्वलाई प्रवर्द्धन गर्ने (प्रतिस्थापन गर्ने मिल्ने हिसाबले) तर अन्तर-सिकाईको सन्दर्भमा युवाहरूलाई सामुदायिक कार्यमा संलग्न गराएर उनीहरूलाई नेताको रूपमा तयार पार्ने ।
- सहयोगि सञ्जालहरूको पहिचान र निरन्तरता दिने जसमा महिलाका स्थानीय संगठनहरू निर्माण गर्ने र त्यसमा अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरूको समर्थन लिने ।



› Latin America Women Retreat. Tejiendo Juntas. April 2024. Photo by ALDEA for RRI.

- शिक्षामा रहेका खाडलहरू हटाउन र प्राविधिक ज्ञानमा विशेषज्ञता हासिल गर्न प्राविधिक प्र-शिक्षण दिने । आधारभूत, माध्यमिक र उच्च शिक्षामा पहुँच प्रवर्द्धन गर्ने ।
- आफूले भोग्नुपरेको हिंसा र मागहरुको सामना गर्न आत्म-हेरचाह र आत्म-रक्षा ।
- एक सुरक्षित पारिवारिक वातावरणको प्रवर्द्धन गर्ने जसले आत्म-सम्मान साथै र महिलाका व्यै-क्तिगत र सामूहिक अधिकारहरूबारे ज्ञानलाई बढाउँछ ।
- सामुदायिक समर्थन प्राप्त गर्ने किनकि नेता आफैँ जन्मिदैनन् र एक नेताको उदय हुन र धेरैको आवाज बन्नको लागि सामूहिक वा सा-मुदायिक समर्थन चाहिन्छ ।
- संगठनको सहयोगी भएर आउने शक्तिलाई बढावा दिने । फराकिलो संगठनात्मक सञ्जालहरूमा सहभागिता र वकालत गर्ने ठाउँहरूमा उनीहरूको सहभागिता मार्फत महिलाहरूलाई सशक्त बनाउने । "यी ठाउँहरूले हामीलाई थप जान्न मद्दत गर्दछ जस्तै केही पदमा के हुन्छ साथै राजनीतिक वकालत जस्ता महत्त्वपूर्ण मुद्दाहरू बारे पनि छलफल गरिन्छ ।" संगठन गठन गर्ने भएका महिलाहरूको पहल र सामुदायिक प्रक्रियाहरूलाई समर्थन गर्ने ।
- बोल्न र सुन्न सक्षम हुनको लागि "बोल्ने" क्षमताको विकास गर्ने । "हामी अब पहिलेको जस्तो लजालु महिला छैनौं जो बोल्न लाज मान्ने गर्थे" (रणनीतिको रूपमा संवाद गर्न, के आवश्यक छ भन्ने वकालत गर्न) ।
- सामुहिक कार्यहरू विकास गर्ने जसले महिला र समुदायका आधारभूत आवश्यकताहरूलाई सम्बोधन गर्दछ सहभागितामूलक विधिहरू प्रयोग गर्दै कुनै हानि नगरी आक्रामक भाषा र कार्यहरू प्रयोग गर्ने ।

## ७. महिला नेतृत्व सुदृढीकरणको लागि सिफारिसहरू

सामाजिक-राजनीतिक र सांस्कृतिक परिप्रेक्ष्य अनुसार विविध दृष्टिकोण लिएर महिला सशक्तिकरणलाई व्यापक रूपमा समर्थन गर्ने ।

- सार्वजनिक पहिचान
  - स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा उदाहरणीय अमेजन र एन्डिज क्षेत्रका महिलाहरू खोज्ने र जनचेतना बढाउने ।
  - महिलाहरूलाई अब घरपरिवारमा सीमित नराखी बरु उनीहरूको मूल्याङ्कन, सशक्तिकरण र पुनरावलोकन हुने ठाउँहरूको सृजना गर्ने शुरुवाती विन्दुहरूम बारे सामुदायिक संस्थाहरूको सफलता र उपलब्धिहरूको बारेमा जनचेतना बढाउने ।
- प्रशिक्षण
  - नयाँ नेताहरूको गठनको लागि समर्थन, युवा महिला र पुरुषहरूको लागि नेतृत्व स्थानहरूको लागि तालिमको लागि ठाउँहरू सिर्जना गर्ने ।
  - महिलाहरू बीच अन्तरसांस्कृतिक अनुभवहरू प्रतिबिम्ब र आदानप्रदानको लागि ठाउँहरू बलियो बनाउने ।
  - थप "गर्दै सिक्ने" अवसरहरू डिजाइन गर्ने विशेष गरी सहयोगी संस्थाहरू र/वा क्षेत्रीय र राष्ट्रिय संस्थाहरूमा, वा एक इन्टर्नशिपको ढाँचामा ।

- अवसरहरू, ठाउँहरू, र आत्म-शिक्षाका लागि घटनाहरू प्रवर्द्धन गर्नुहोस् र महिलाहरूलाई उनीहरूको भावना र भावनाहरू आदान-प्रदान गर्ने ।
- महिलाहरूको लागि आत्म-हेरचाह र आत्म-रक्षामा तालिम ।
- महिलाहरूको लागि प्रशिक्षण र प्राविधिक सीपहरू जस्तै तथ्यांकीय व्याख्या, राजनीतिक प्रवक्ता, अन्तर्राष्ट्रिय सम्मेलनहरू र राष्ट्रिय नियामक ढाँचाहरूका विषयमा ।
- सञ्चार प्रविधिको प्रयोगमा तालिम ।
- आदिवासी महिलाहरूको पैतृक ज्ञान रेकर्ड र सुरक्षित गर्न प्रशिक्षण प्रक्रिया र अनुभवको आदानप्रदान ।
- लैङ्गिक सम्बन्धमा असमानता र सामुदायिक संरचनाहरूमा महिलाहरूको अवस्थालाई प्रतिबिम्बित गर्न र सम्बोधन गर्न परिप्रेक्ष्यको पुनर्निर्माण गर्न मायन र आदिवासी महिलाहरूद्वारा विकसित सामुदायिक नारीवादको दृष्टिकोणलाई बढावा दिने । लैङ्गिक मुद्दाहरूमा तालिमलाई सान्दर्भिक रूपमा पुन: डिजाइन गर्न यो गर्नुपर्छ ।

› संगठनात्मक सुदृढीकरण

- परिवर्तनको एजेन्ट र निर्णय निर्माताको रूपमा महिला संघर्षलाई समर्थन गर्ने ।
- महिला विशेष र साझा एजेन्डाहरूलाई सुदृढ र पुनरुत्थान गर्ने ।
- सम्झनाहरू, इतिहासहरू, आदिवासी आन्दोलनका महत्त्वपूर्ण कोसेढुङ्गाहरू, वर्तमान सन्दर्भहरू अनुसार एजेन्डाहरूलाई पुनर्जीवित गर्न ठाउँहरू प्रवर्द्धन गर्ने ।
- प्रस्तावना / परियोजना निर्माणमा आदिवासी महिलाहरूलाई समावेश गर्ने ।
- पुरुष दृष्टिकोणले शासन गर्ने ठाउँहरूमा सशक्तिकरणका संयन्त्रको रूपमा महिला सहभागितामा संवाद, प्रतिबिम्ब र प्रशिक्षणको लागि ठाउँहरू सिर्जना गर्ने ।
- महिला सहभागितामा अवरोधको रूपमा देखिने मातृत्वलाई सम्बोधन गर्न र यसबारे नराम्रा धारणाहरू हटाउन रणनीतिहरू विकास गर्ने ।
- संस्था र सहभागी निकायहरूमा महिला सहभागिताको सुरक्षा र कोटा सुनिश्चित गर्ने ।
- महिला सहभागिता प्रवर्द्धन गर्न सामूहिक आवश्यकता र विशिष्टताहरू पहिचान गर्ने ।

› अन्य अभियन्ताको समर्थनको लागि वकालत

- गठबन्धनको संगठनात्मक नेतृत्वलाई बलियो बनाउन उनीहरूको काम र कार्य योजनाहरूलाई समर्थन गर्ने र सहकर्मी संगठनहरूको अनुभवको समन्वय र आदानप्रदान गर्ने ।
- महिला सामाजिक संस्थाहरूलाई सुदृढ र संरक्षण गर्न अन्तर्राष्ट्रिय सहयोग खोज्ने ।
- विभिन्न निर्णायक परिदृश्यहरूमा लबी गर्ने ।
- राज्यसँग विभिन्न तहमा वकालत र वार्ता प्रक्रियालाई सुदृढ बनाउने ।
- बाह्य गैरकानूनी समूहहरूको नियन्त्रणका कारण स्थानीय शासनको नतिजा र जनसंख्याको जोखिमको बारेमा राज्य र वातावरणीय गैरसरकारी संस्थाह-रूसँग छलफल गर्न संयन्त्र र ठाउँहरू बारे सोच्ने र सहजीकरण गर्ने ।
- महिला सहभागितामा लैङ्गिक हिंसा, जातिवाद र सक्षमताको प्रभावलाई सम्बोधन गर्ने ।

- लैङ्गिक हिंसाका घटनाहरू रिपोर्ट गर्न र सम्बोधन गर्न प्रोटोकलहरूको सहभागितामूलक निर्माण गर्ने ।

› नेतृत्वको दृष्टिकोण

- आफू र अरुमा मानवीय भाव र मूल्य खोज्ने ।
- समुदायहरूको आवश्यकतामा आधारित भई संघर्षहरूको समर्थन गर्ने ।
- सबै गुमेको जस्तो देखिएको बेलामा पनि फेरि बलियो बनी शुरू गर्ने ।
- व्यक्तिलाई नेताको रूपमा स्थापित गर्ने समुदायलाई कहिल्यै नबिर्सने ।

## सन्दर्भ सामाग्रीहरू


AIDESEP (२०२३) Discussion: Life Stories of Indigenous Women in the Peruvian Amazon **https://youtu.be/0Wg_cvs4VNM?si=lEhilozgMsJUdQjN**

एक्रोतिरेने, कार्ला. (२०१२) Interseccionalidade – São Paulo. Feminismos Plurais Chungara, Domitila. (२००५) "If you'll let me talk..." a testimonial from Domitila, a woman from the mines of Bolivia. Truth and Reconciliation Commission (2003) General conclusions of the TRC final report **https://www.cverdad.org.pe/ifinal/conclusiones.php**

कुमेस, औरा र यसनाया ए. गिल (२०२१). Entrevista con Aura Cumes: la dualidad complementaria y el Popol Vuj. Patriarcado, capitalismo y despojo. Revista de la Universidad, April. उपलब्ध लिंक: **https://www.revistadelauniversidad.mx/articles/8c6a441d-7b8a4db5-a62f-98c71d32ae92/entrevista-con-aura-cumes-la-dualidadcomplementaria-y-el-popol-vuj 9**

चो, सुमी; क्रेन्श, किम्बर्ले र म्याकल, लेस्ली (२०१३). Toward a Field of Intersectionality Studies: Theory, Applications, and Praxis. Signs 38(4), 785-810

गारगालो, फ्रान्सेस्का (२०१४). Feminismos desde Abya Yala. Ideas y proposiciones de las mujeres de 607 pueblos en nuestra América. Mexico: Edición Corte y Confección, Mexico City, first digital edition, January 2014. उपलब्ध लिंक: **http://francescagargallo.wordpress.com/**

जामिला. (२०२०) Lugar de enunciación. 1st edition in Spanish - Ediciones Ambulantes होस्पिना, एलिसन, रुबियो एच र जारामिल्लो एम. (२०२२) Practical guide for applying the intersectional approach in projects involving indigenous peoples in the Amazon. WWF Ministry of Culture of Peru Database of indigenous or native peoples, Ashenika **https://bdpi.cultura.gob.pe/pueblos/asheninka**

कान्दियोति, डेनिज (१९८८). Bargaining with Patriarchy. Gender & Society, 2(3), 274-290.

माल्लीमाची, फोर्चुनाटो र गिमेनेष, भेरोनिका (२००७). Historia de vida y métodos biográficos. En I.

मोलानो, अल्फ्रेडो (२०२२). La Mochila de Molano. Cátedra Alfredo Molano Bravo. Una anticátedra. Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH.

रिबेरो, जामिला. (२०१९) Pequeno manual antirracista – São Paulo. Companhia das Letras. Ribeiro, Vasilachis de Gialdino (coord.). Estrategias de investigación cualitativa, 175-212. Barcelona: Gedisa.